COMMONWEALTH OMBUDSMAN
PRIVATE HEALTH INSURANCE

# विदेशी आगन्तुक तथा विदेशी विद्यार्थीहरु

## विदेशी आगन्तुक तथा विदेशी विद्यार्थीहरु

यदि तपाई अष्ट्रेलिया भ्रमणमा हुनुहुन्छ र अस्थायी भिसामा हुनुहुन्छ भने तपाईले विदेशी आगन्तुक स्वास्थ्य बीमा (Overseas Visitors Health Cover (OVHC)) लिने बिचार गर्नुहोस्। यदि तपाईले यहाँ हुँदा डाक्टरलाई देखाउन जानु पऱ्यो वा अस्पतामा जानु पऱ्यो भने तपाईले उपचारको सबै खर्च आफैं तिर्नु पर्ने हुन्छ, जुब एकदमै महँगो हुन सक्छ।

केही अवस्थाहरूमा तपाईले आफ्नो भिसा शर्तअनुसार स्वास्थ्य बीमा लिनुपर्छ। यदि तपाई Temporary Skill Shortage (TSS) वा Visa Subclass 485 का लागि आवेदन दिँदै हुनुहुन्छ भने तपाईसँग न्यूनतम तहको स्वास्थ्य बीमा हुनुपर्छ र तपाईको अष्ट्रेलियाको बसाइ अवधिभर त्यसलाई कायम गर्नुपर्छ। अष्ट्रेलियामा अस्थायी विद्यार्थी भिसामा रहेका विद्यार्थीहरुले भिसा शर्तअनुसार Overseas Student Health Cover (OSHC) लिनुपर्छ।

संयुक्त अधिराज्य, आयरल्याण्ड, न्यूजिल्याण्ड, स्विडेन, नेदरल्याण्ड, फिनल्याण्ड, बेल्जियम, नर्वे, स्लोभेनिया, माल्टा तथा इटालीबाट आएका आगन्तुकहरु (विद्यार्थी बाहेक- OSHC हेर्नुहोस्) ले अष्ट्रेलियासँग आपसी स्वास्थ्य हेरचाह सम्झौता (Reciprocal Health Care Agreements) अन्तर्गत मेडिकेयर लाभका लागि आवदेन दिन सक्छन्। तिनीहरुले सार्वजनिक स्वास्थ्य प्रणालीमा तुरुन्त आकस्मिक मेडिकल उपचार प्राप्त गर्छन्, तर अन्यथा उनीहरुले लाभको हक प्राप्त गर्दैनन् र अझै पनि OVHC लिने विचार गर्नुपर्छ।

यदि तपाई स्थायी बसोबास सहितको अष्ट्रेलियाको आप्रवासी हुनुहुन्छ वा तपाईले स्थायी बासिन्दाका लागि आवेदन दिनुभएको छ भने तपाई सामान्यतया मेडिकेयर लिनका लागि र स्वास्थ्य हेरचाह सेवामाथि तुरुन्त पहुँच प्राप्त गर्न योग्य हुनुहुन्छ। तपाईले बासिन्दाको निजी स्वास्थ्य बीमा पनि खरिद गर्न सक्नुहुन्छ।

## मैले कस्तो खालको बीमा खरिद गर्नुपर्छ?

| भिसाको किसिम | स्वास्थ्य बीमाको प्रकार |
|---|---|
| विद्यार्थी भिसा | Overseas Student Health Cover ले तपाईको भिसाको आवश्यकतालाई पूरा गर्नेछ। |
| TSS भिसा तथा 457 भिसा | 457 —स्वीकृत Overseas Visitors Health Cover ले तपाईको भिसाको आवश्यकतालाई पूरा गर्नेछ। |
| 485 भिसा | 485 — स्वीकृत Overseas Visitors Health Cover ले तपाईको भिसाको आवश्यकतालाई पूरा गर्नेछ। |
| शर्त 8501भएको कुनै पनि भिसा | 457 वा 485 — स्वीकृत Overseas Visitors Health Cover ले स्वास्थ्य बीमा आवश्कयता शर्त 8501भएकाको भिसाको आवश्यकतालाई पूरा गर्नेछ। अन्य विदेशी आगन्तुकको स्वास्थ्य वा अन्तर्राष्ट्रिय बीमाले पनि आवश्यकतालाई पूरा गर्न सक्छ। |
| अन्य कुनै पनि भिसा | यदि तपाईसँग कुनै पनि प्रकारको मेडिकेयर (Medicare) लाभ छैन वा तपाईसँग reciprocal Medicare लाभ छ भने तपाईले विदेशी आगन्तुक स्वास्थ्य बीमा कुनै अष्ट्रेलियन वा अन्तर्राष्ट्रिय बीमाकर्ताबाट खरिद गर्न सक्नुहुन्छ।<br><br>यदि तपाईसँग अन्तरिम (प्रायः नीलो) वा पूर्ण (प्रायः हरियो) मेडिकेयर कार्ड छ भने तपाईले अष्ट्रेलियन बासिन्दाको निजी स्वास्थ्य बीमा खरिद गर्न सक्नुहुन्छ। |


हामीलाई सम्पर्क गर्नुहोस्

ombudsman.gov.au
1300 362 072

GPO Box 442
Canberra ACT 2601

हाम्रो कार्यालयहरू निम्न स्थानमा छन्:

» Adelaide
» Brisbane
» Canberra
» Melbourne
» Perth
» Sydney

## आगन्तुकहरुका लागि स्वास्थ्य बीमासम्बन्धी युक्तिहरू (टिप्स)

बीमालाभहरु, सदस्यता खर्चा तथा योग्यता बीमा कोष तथा बीमा नीतिबीच धेरै भिन्नता हुन्छ। कुनै पनि स्वास्थ्य बीमा खरिद गर्दा तपाईले रोज्ने बीमा आफ्नो आवश्यकताका लागि उपयुक्त भएको निश्चित गर्नुहोस्।

- आफूले खरिद गरेको बीमामा **तपाई पर्खाइको समयबारे थाहा पाउनु होस्**। धेरै बीमाकर्ताले पहिलेदेखिको यथावत अवस्था (pre-existing conditions) लाई बीमा गर्न १२ महिनाको पर्खाइको अवधि लगाइदिनेछन् र केहीले पहिलेदेखिको यथावत अवस्था (pre-existing conditions) लाई स्थायीरुपमै बीमाबाट हटाइदिन्छन्, जसको अर्थ हुन्छ यस्तो अवस्थाको कहिले पनि बीमा गर्न सकिँदैन। किनकि OVHC नीति सामान्तया तपाई अष्ट्रेलिया आएपश्चात शुरु हुन्छ, अष्ट्रेलिया यात्रा गर्दा देखा परेको बिमारीलाई सामान्यतया पहिलेदेखिको यथावत अवस्थाका रुपमा (pre-existing conditions) लिइन्छ।

- **बीमाको प्रतिबन्ध तथा निषेधहरु जान्नुहोस्**। पूर्णरुपमा सबै अवस्थाहरूलाई समेटिनेछैन र केही अवस्थाहरुलाई पटक्कै बीमा गरिनेछैन। याद गर्नुस् कि विदेशी आगन्तुकहरुको अस्पताल खर्च सार्वजनिक अस्पतालमा समेत सामान्तया दैनिक $१००० भन्दा बढी हुन्छ।

- **तपाईले तिर्न सक्ने अधिकतम तहको अस्पताल बीमा लिने विचार गर्नुहोस्।** यदि तपाईलाई उपचार चाहिन्छ भने बीमा रकम बचत गर्न बन्देज भएको बीमा लिनुभन्दा तपाईले बढी Excess तिर्ने बीमा रोज्न सक्नुहुन्छ ।

- **औषधिका लागि तपाईको बीमाले कति व्यहोर्छ भन्ने जाँच्नुहोस्** किनकि धेरै बीमाहरुमा सीमित बीमालाभ मात्र हुन्छ र यथेष्ट मात्रामा महँगा औषधिहरुलाई समेट्दैन जस्तै क्यान्सर उपचारमा प्रयोग हुने किमोथेरापीका औषधिहरु, जसलाई दशौँ हजार डलर खर्च लाग्न सक्छ।

- **यदि तपाईको भिसा स्थिति वा मेडिकेयर योग्यतामा परिवर्तन हुन्छ भने** तपाईको बीमाकोषलाई सक्दो छिटो खबर गर्नुहोस्। तपाईको बीमा अझै पनि उपयुक्त छ छैन उनीहरुसँग जाँच गर्नुहोस् किनकि तपाईले बासिन्दाको बीमामा सर्न पनि सक्नुहुन्छ।

- **तपाईको बीमा रकम भुक्तानी गरिराख्नुस् तथा अद्यावधिक राख्नुहोस्।** तपाईको बीमा रकम भुक्तानी नभएको कारणले निष्कृय हुन्छ भने तपाईको बीमा कोषले तपाईको बीमादावीलाई अस्वीकार गर्न सक्छ वा तपाईको सदस्यतालाई रद्द गर्न सक्छ।

- **यदि तपाई उपचारको अपेक्षा गर्दै हुनुहुन्छ भने तपाईको बीमाकोषलाई सम्पर्क गर्नुहोस्** र तपाईले बीमालाभ पाउने नपाउने र तपाईले कति तिर्नुपर्ने पत्ता लगाउनुहोस्। तपाईको बीमाकर्ताले बीमा नगर्ने उपचार तपाईलाई चाहिन्छ भने सेवा प्रदायकलाई सोधेर तपाईले कति थप रकम आफ्नो खल्तीबाट तिर्नुपर्ने पत्ता लगाउनुहोस्। सम्भव भए अनुमानित खर्च लिखित दिन अनुरोध गर्नुहोस्।

थप जानकारी ombudsman.gov.au मा उपलब्ध छ।

कृपया याद गर्नुहोस्: यस कागजातको आसय निर्देशन गर्ने मात्र हो। तसर्थ यसका जानकारीलाई कानुनी सुझावका रुपमा भर पर्नु हुँदैन वा व्यक्तिगत मामलामा कानुनी सुझावको बिकल्पको रुपमा लिइनु हुँदैन। यस कागजातमाथि भर परेर परिणामस्वरुप कुनै नोक्सानी वा क्षति भएमा कानुनले दिइएको अधिकतम हदसम्म Commonwealth Ombudsman जवाफदेही हुनेछैन। यसमा उद्धृत धेरैजसो ऐनहरुको अद्यावधिक संस्करणका लागि कृपया कानुनको संघीय रजिष्टर Federal Register of Legislation मा हेर्नुहोस्।